प.लि.नं.: १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७७/७८ – ५१
चलानी नं. : २६८३

## प्रेस विज्ञप्ति

### मेरो शेयरको मोवाईल एप सञ्चालन गरिएको सम्बन्धमा!!!

यस लि. ले लगानीकर्तालाई आफ्नो हितग्राही खातामा मौज्दात रहेको धितोपत्रको विवरण हेर्न, बजार मूल्यको आधारमा आफ्नो पोर्टफोलियो हेर्न, आफ्नो स्वामित्वमा रहेका धितोपत्रको लागतको भारित औसत गणना गर्न, धितोपत्रको कारोबार पछिको राफसाफ तथा फछ्यौंटका लागि आफ्नो धितोपत्र सम्वन्धित राफसाफ सदस्यलाई हस्तान्तरण गर्नका लागि विद्युतिय निर्देशन पुर्जी जारी गर्न तथा प्राथमिक बजारमा सार्वजनिक निष्कासन भएका धितोपत्रको खरिद आवेदन प्रविष्टि गर्ने लगायतका सुविधा प्रदान गर्ने उद्देश्यले सञ्चालन गर्दै आएको "मेरो शेयर" सफ्टवेयरलाई थप सरल, प्रयोगकर्ता मैत्री एवं सहज रूपमा प्रयोग योग्य वनाउने योजना अनुरूप यस सफ्टवेयरको मोवाईल एप तयार गरि आज मिति २०७७।०५।३१ गते बाट परीक्षणका लागि गुगल प्लेस्टोरमा राखिएको जानकारी गराइन्छ। यस एपमा मेरो शेयरको वेब भर्जनमा रहेका सम्पूर्ण सुविधाहरू मध्ये हाल My ASBA भित्र रहेका सुविधा बाहेकका सेवाहरू मात्र उपलब्ध गराइएको र निकट भविष्यमा नै My ASBA सहितको सम्पूर्ण सुविधाहरू सामेल गरी पूर्ण रूपमा सञ्चालनमा ल्याउने व्यहोरा जानकारी गराइन्छ।

लगानीकर्ताले यस एप मार्फत मेरो शेयरको सेवा प्रयोग गर्दा थप सहज एवं चुस्तता महसुस गर्न सक्ने कुरामा यस लि. विश्वस्त रहेको छ। हाल परिक्षणको रुपमा सञ्चालन गरिएको भएतापनि यस एप मार्फत गरिने सम्पूर्ण कारोबारहरू आधिकारिक नै रहने भएकाले उक्त एप मार्फत कारोबार गर्दा होसियारी पूर्वक गर्नुहुन र सो को प्रयोगका क्रममा कुनै समस्या देखिएमा वा कुनै सुझाव रहेमा यस लि. को इमेल ठेगाना support@cdsc.com.np मा जानकारी गराउनुहुन अनुरोध गरिन्छ।

पुनश्च: हालको लागि यस एप एन्ड्रोईड अपरेटिङ्ग सिस्टममा मात्र उपलब्ध गराईएको र निकट भविष्यमा नै आईओएस अपरेटिङ्ग सिस्टममा समेत उपलब्ध गराइने व्यहोरा जानकारी गराईन्छ।

मितिः- २०७७।०५।३१

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150/4260386/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np